# भूमिकास्थान नगरपालिका

## नुवाकोट, अर्घाखाँची

# आर्थिक बर्ष २०८१/०८२ को बजेटको पूर्णअंश

# भुमिकास्थान नगरपालिका
# नुवाकोट, अर्घाखाँची

## भुमिकास्थान नगरपालिकाको नगरसभाको १५ औं अधिवेशनमा नगरपालिकाका प्रमुख एवं नगरसभाका अध्यक्ष श्री झविलाल थापाद्धारा प्रस्तुत आर्थिक बर्ष २०८१।०८२ को नीति तथा कार्यक्रमहरु

१० आषाढ, २०८१

# भुमिकास्थान नगरपालिकाको आ.ब. २०८१/०८२ को प्रस्तावित नीति तथा कार्यक्रम

# नीति तथा कार्यक्रमहरु

१ आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको निर्माणका क्रममा नेपालको संविधान २०७२ मा भएका व्यवस्था, संविधानको अनुसूची ८ र ९ मा भएका एकल र साझा अधिकारहरु, दीगो विकासका लक्ष्य, सोह्रौं योजनाको आधार पत्र, स्थानीय सरकार संचालन ऐन २०७४, संघ र प्रदेश सरकारबाट जारी भएका मार्गदर्शनहरु, नगरपालिकाको मध्यकालिन खर्च संरचना, आवधिक योजना, स्थानीयवासी, विषयगत समितिहरु, विभिन्न पेशाकर्मी, नगरवासी, वडा समिति, वस्ती, टोलसंग सम्बन्धित कानुन तथा अन्य नीतिगत व्यवस्थाहरु नै कार्यक्रम र बजेट निर्माणको आधारशिला भएकोले सोही बमोजिम नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

२. आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु संघीय ढांचामा मेल खानेगरी संघ तथा प्रदेशबाट प्राप्त समानीकरण अनुदान, राजश्व बांडफांड तर्फको बजेट, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान तर्फको बजेट नगरपालिकालाई प्राप्त भैसकेकोले नेपाल सरकारले बांडफांड गरी बजेट तथा कार्यक्रम कार्यान्वयनमा प्राप्त मार्गदर्शन र मापदण्ड बमोजिम नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । आर्थिक वर्ष २०८१/०८२ मा भूमिकास्थान नगरपालिकाको नीति तथा कार्यक्रमलाई विषयगतरुपमा प्रस्तुत गर्न चाहान्छु ।

## सामाजिक विकास तर्फका नीति तथा कार्यक्रमहरु

**दीगो विकासका लक्ष्य नं ३, ४, ५, ६,११, १६ मा उल्लेखित लक्ष्यहरु प्राप्तीको लागि र नगरको समग्र सामाजिक क्षेत्रको दीगो विकासको लागि आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि तपसिल बमोजिमका नीति तथा कार्यक्रमहरु तर्जुमा गरएकोछ ।**

१. प्रदेश र संघको समन्वयमा स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार मापदण्ड अनुसारको बनाउने प्रकृयालाई अगाडि बढाइनेछ । निर्माण गर्न बाँकी रहेका **गाउँघर क्लिनिक, वहाय खोप क्लिनिक** क्रमशः व्यवस्थित गर्दै लगिनेछ ।

२. सम्पूर्ण स्वास्थ्य संस्थाहरु लाई **सूचना प्रविधि मैत्री** बनाईनेछ र स्वास्थ्य संस्थाहरुमा नियमित खानेपानी, विधुत र व्याकअपको व्यवस्थापन गरिनेछ ।

३. **सुरक्षित मातृत्व, प्रजनन् स्वास्थ्य कार्यकम अन्तर्गत** गर्भवती आमाहरुलाई **ग्रामिण अल्ट्रा साउण्ड** कार्यकम घुम्ती सेवा मार्फत सबै स्वास्थ्य संस्थाहरुमा संचालन गर्ने कार्यलाई निरन्तरता दिंदै सेवाको पहुँच र उपभोग वृद्धि गरिनेछ ।

४. महिलाहरुलाई स्तन क्यान्सर तथा पाठेघरको मुखको क्यान्सर रोकथाम तथा नियन्त्रणका लागि निशुल्क परिक्षणको व्यवस्थापन गरिने छ ।

५. यस नगरपालिका अन्तर्गतका वर्थिङ्ग सेन्टरहरुमा **प्रसुतिसेवा**का लागि **दोहोरो यातायात खर्चको व्यवस्थापन**का साथै जटिलतायुक्त प्रसुती सेवा प्रेषणको लागि समेत आवश्यक बजेटको व्यवस्थापन गरि संस्थागत प्रसुति सेवालाई **प्रोत्साहन तथा**

**प्रवर्धन** गर्ने र क्रमश पूर्ण संस्थागत प्रसुति वडा घोषणा गर्दै नगरपालिकालाई पूर्ण संस्थागत प्रसुति उन्मुख नगरपालिकाको बनाउने नीति अवलम्बन गरिनेछ ।

६. स्वस्थ र समुन्नत समाज निमार्णको लागि **किशोर किशोरी** तथा **पोषण मैत्री** स्वास्थ्य संस्था घोषणा गर्दै किशोर किशोरी तथा पोषणमैत्री उन्मुख पालिका बनाउने नीति अवलम्बन गरिनेछ ।

७. **परम्परागत चिकित्सा** पद्धतिको रुपमा रहेका **आयुर्वेद, प्राकृतिक चिकित्सा,योग तथा ध्यान** लगायतका पद्धतिको पहिचान,संरक्षण,प्रवर्द्धन,विकास र विस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।

८. **विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम**लाई निरन्तरता दिंदै भौतिक एवं आवश्यक सामाग्रीको थप व्यवस्थानका साथै मासिक रुपमा समिक्षा बैठक संचालन र अनुगमन मुल्याङ्कन कार्यलाई थप प्रभावकारी बनाई व्यवस्थित गरिने छ ।

९. .समुदाय स्तरमा **जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्र**म र **उत्तर प्रसुती (PNC) घरभेट सेवा** कार्यक्रमलाई थप प्रभावकारी रुपमा संचालन गरिने छ ।

१०. **बाल स्वास्थ्य**, **नियमित खोप** कार्यक्रमलाई प्रवर्द्धन गर्दै **पूर्णखोप सूनिश्चितता कार्यक्रम**को निरन्तरता र **पूर्ण सरसफाई उन्मुख नगरपालिका** कार्यक्रम अन्तर्गत खानेपानी,सरसफाई प्रवर्द्धन तथा स्वास्थ्य सम्बन्धी व्यवहार परिवर्तनका लागि आवश्यक कार्यक्रम संचालनमा ल्याईनेछ ।

११. **कडा खालका रोगहरु जस्तै क्यान्सर,मुटु रोग,मृगौला सम्बन्धी रोग,स्पाईनल इन्जुरी** लगायतका पिडित विपन्न नागरिक लाभग्रहीरुलाई संघ र प्रदेशको समन्वय र सहकार्यमा राहात कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१२. खिल्जी स्वास्थ्य चौकीमा संचालनमा रहेको **प्रयोगशाला सेवा**लाई आयश्यक उपकरण,केमिकल र अन्य सामाग्रीको व्यवस्थापन गरी थप व्यवस्थित गरिनेछ ।

१३. **सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुले** स्वास्थ्यको क्षेत्रमा पुर्‍याएको योगदानको कदर गर्दै **प्रोत्साहन कार्यक्रम** अन्तर्गत मासिक संचार,स्वास्थ्य विमा र वार्षिक समिक्षा कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्थापनलाई निरन्तरता दिईने छ ।

१४. **पोषण कार्यक्रम अन्तर्गत** किशोर-किशोरीहरुलाई स्वास्थ्य प्रवर्द्धन गर्न विद्यालयमा Iron,Folic acid कार्यक्रम, विद्यालयमा जुकाको औषधी वितरण तथा १००० दिनका आमाहरुलाई स्वास्थ्य आमा समुहमा पोषण सम्बन्धी स्वास्थ्य शिक्षा तथा सचेतनात्मक कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गरिनेछ ।

१५. अतिशिघ्र कडा कुपोषित बालबालिका र गर्भवती,सुत्केरी आमाहरुका लागि व्यवस्थापन गर्न पालिका अन्तर्गत संचालित **बहिरङ्ग उपचार केन्द्रलाई** (**OTC**) थप व्यवस्थित गरिनेछ ।

१६. **कोभिड-१९ लगायत महामारीजन्य, किटजन्य** तथा **अन्य सरुवा रोगहरुको रोकथाम,नियन्त्रण,पूर्व तयारी एवं प्रतिकार्य** र व्यवस्थापन गर्न RRT (दुर्त प्रतिकार्य टोली) टिमलाई सकृयरुपमा परिचालित गर्नुका साथै सचेतनामुलक कार्यक्रम संचालनमा ल्याईने छ ।

१७. बहुपक्षीय र बहु क्षेत्रीय समन्वय र सहकार्य मार्फत आत्मा हत्याको बढ्दो दरलाई नियन्त्रण गर्न **मानसिक स्वास्थ्य प्रर्वधन, आत्मा हत्याको न्युनीकरणका** लागि सचेतनात्मक कार्यक्रम तथा अभियान संचालन गरिने छ ।

१८. **उपचारात्मक सेवा** कार्यक्रिम अर्न्तगत पालिका स्तरमा निर्माणाधिन **१५ शैया आधारभूत अस्पताल**को सेवा संचालनका लागि बैकल्पिक व्यवस्थापन तथा आवश्यक प्रकृया अगाडि बढाइनेछ साथै थप बजेटको व्यवस्थापन गरी सम्पूर्ण **स्वास्थ्य संस्थाहरु**मा औषधी, सामाग्रीको प्रयाप्तताको साथै **उच्च रक्तचाँप र मधुमेह रोगको** निशुल्क औषधी वितरण लाई सुनिश्चित गरिने छ ।

१९. उत्कृट कार्य सम्पादन गर्नै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीलाई **पुरस्कृत तथा सम्मान** गरि सेवालाई प्रभावकारी बनाउन प्रोसाहित गरिने छ ।

२०. **गुणस्तरीय खोपसेवा** प्रदान गर्न नगर स्तरमा संचालित **कोल्डचेन कार्यक्रमलाई थप** व्यवस्थित गरिनेछ ।

२१. २१.स्वास्थ्य चौकी,आधारभूत तथा सामुदायिक स्वास्थ्य ईकाइमा आवश्यक **जनशक्ति, पूर्वाधार, स्वास्थ्य सामग्री तथा उपकरणको** थप व्यवस्थापन,गर्दै स्वास्थ्य संस्थाहरुलाई सफा,स्वच्छ,हराभरा र वातावरण मैत्री बनाइनेछ ।

२२. शिक्षामा सबै बालबालिकाको पहुंच सुनिश्चित गर्ने शैक्षिक गुणस्तर वृद्धि गर्ने, कक्षा कोठाको सिकाई प्रकृयामा सुधार गर्न नविनतम प्रविधिको प्रयोग गरिनेछ ।

२३. सिकाईमा सुधार ल्याउनको लागि शिक्षकलाई बढी जवाफदेही बनाउंदै शैक्षणिक योजना निर्माण, लक्ष्य निर्धारण उपलब्धी लेखाजोखा र मूल्यांकनलाई निरन्तरता दिने ।

२४. दरबन्दी मिलानलाई निरन्तरता दिनुका साथै विद्यालय समायोजन कार्यलाई व्यबस्थित गर्न कार्यविधि संशोधनको कार्यलाई अगाडी बढाईनेछ ।

२५. अल्पसंख्यक, दलित, जनजाति, आर्थिक एवम् सामाजिक रुपमा पिछडीएका समूदाय र जेहेन्दार विद्यार्थीहरुलाई कृषि एवम् पशु सम्बन्धि प्राविधिक शिक्षा (TSLC + 2) अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराईने छ ।

२६. शिक्षक दरबन्दी न्यून भएका विद्यालयहरुलाई शिक्षण सिकाई सहयोग अनुदान वापत उपलब्ध गराउंदै आएको अनुदानलाई  निरन्तरता दिईनेछ ।

२७. विद्यालयलाई बालमैत्री, बातावरणमैत्री र सिकाईमैत्री बनाउंदै लगिनेछ ।

२८. विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यालयमा कार्यरत सबै शिक्षकहरुसंग सूचक सहितको  कार्यसम्पादन सम्झौता गरी प्राप्त नतिजाको विश्लेषण गर्नुका साथै सोको आधारमा शिक्षकको मूल्यांकन गरी पुरस्कृत गरिने छ ।

२९. शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शिक्षकको निरन्तर पेशागत सहयोगको लागि विद्यालय सुपरीक्षण गर्न मेन्टरीङ पद्धतिको कार्यान्वयनलाई निरन्तरता दिईनेछ ।

३०. बालविकास केन्द्रको व्यवस्थापनमा सुधार गरी सिकाई तथा बातावरण मैत्री बनाउनुका साथै बालविकासका सहायक विद्यालय कर्मचारीहरुको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३१. निरक्षरहरुलाई साक्षरता शिक्षा र साक्षरहरुलाई निरन्तर शिक्षाका साथै सीप मूलक कार्यक्रमहरु संचालन गरी आय आर्जनका लागि प्रोत्साहन गरिनेछ ।

३२. माध्यमिक विद्यालयहरुमा विद्यालय स्काउटिङ कार्यक्रमको व्यवस्था मिलाउँदै लगिनेछ ।

३३. शिक्षाको गुणस्तर सुधारको निम्ति र शिक्षकहरुलाई परिवर्तित वातावरणमा कार्य गर्ने अवस्था सृजना गर्न नियमानुसार एक विद्यालय देखि अर्को विद्यालयमा सरुवा गर्ने कार्य गरिनेछ ।

३४. विद्यालयको गुणस्तर सम्बन्धमा पृष्ठपोषणको निम्ति १ देखि ३ कक्षा सम्मको आधारभूत विद्यालयले महिनामा १ पटक, १ देखि ५ कक्षा सम्मको आधारभूत विद्यालयले  दुई महिनामा १ पटक र माध्यमिक विद्यालयहरुले तीन महिनामा १ पटक अभिभावक भेला गर्ने व्यवस्था मिलाईनेछ ।

३५. विद्यार्थीको मनोभावना अनुसारका अतिरिक्त क्रियाकलाप संचालन गर्ने गरी हरेक शुक्रबारलाई Book Free Day को रुपमा शैक्षिक गतिविधीहरु संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

३६. नगर शिक्षा योजनालाई अध्यावधिक गर्दै लगिनेछ ।

३७. स्थानीय पाठ्यक्रम अनुसारको पठ्यपुस्तक तयार गरी विद्यालयहरुलाई उपलब्ध गराईने छ ।

३८. विद्यालयसँग नगरपालिकाको नीति अनुरूप एक विद्यालय एक उद्यम कार्यक्रम मार्फत सिक्दै कमाउँदै रमाउँदै कार्यक्रमलाई निरन्तरता दिइने छ ।

३९. प्रधानमन्त्री रोजगार कार्यक्रममा लागत साझेदारीको प्रभावकारिता सन्तोषजनक भएकोले उक्त लागत साझेदारीको कार्यलाई निरन्तरता दिईनेछ ।

४०. नगरका ऐतिहासिक तथा धार्मिक सम्पदाको संरक्षण गरिनुका साथै यहांका जनसमूदायको रीति रिवाज, धर्म संस्कृति, परम्परा संरक्षण तथा सम्वर्द्धनमा जोड दिईनेछ। भेषभुषा, कला, भाषा, चाडपर्वको जगेर्ना गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

४१. नगरवासीहरुको शारीरिक मानसिक एवम् बौद्धिक विकासका लागि इनडोर तथा आउटडोरका खेलकुद कार्यक्रमहरु संचालन गर्नुका साथै राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता लाई निरन्तरता दिईनेछ ।

४२. युवाहरु नगरको विकासको स्रोत र पूंजी रहेको हुंदा विदेश पलायन हुनबाट रोकी आयआर्जनका माध्यमबाट स्वरोजगार बनाईनेछ ।

४३. महिला, एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति, लैङ्गिक तथा यौनिक तथा अल्पसंख्यक नागरिकहरुलाई कर्मशिल जनशक्ति मार्फत आयआर्जनका लागि प्रोत्साहित गरिनेछ।

४४. बालविवाह न्यूनीकरण, लागुपदार्थ दुर्व्यसन, लैङ्गिक हिंसा साथै सवै प्रकारका हिंसा र विभेद विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

४५. बालश्रमको अन्त्य, जोखिममा परेका बालबालिकाको पहिचान र उद्दार, बालमैत्री सुशासन कायम, गाउँ समाज तथा विद्यालयमा हुने हिंसा न्यूनीकरण गर्न विद्यालय वडा र नगरस्तरी बालक्लव सञ्जालहरुलाई सक्रिय बनाइनेछ।

४६. जेष्ठ नागरिकहरुको लागि योगध्यान तथा साधना शिविर जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४७. लैङ्गिक समानता र महिला सशसक्तीकरणका कार्यक्रमहरु तर्जुमा गरी महिलाहरुलाई समतामूलक तवरबाट विकासको मूलधारमा समाहित गराइने नीति लिइनेछ।

४८. अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक उन्नयनका लागि आयआर्जनमूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

४९. विभिन्न कारणले विद्यालय विमुख किशोर किशोरीहरुको लागि प्रजनन अधिकार तथा प्रजनन स्वास्थ्य सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

५०. अपाङ्गताको परिचयपत्र र जेष्ठ नागरिक परिचयपत्र वितरण कार्यलाई थप व्यवस्थित र प्रविधीमैत्री बनाउँदै लगिनेछ जसको लागि यसलाई सफ्टवयर प्रणालीमा अबद्ध गरिने छ ।

५१. बालश्रम मुक्त नगर घोषणाको लागि विभिन्न अभियानमूलक कार्यक्रम संचालन गरिने छ ।

५२. सुशासन र जवाफदेहीता कायम गर्न र सेवा प्रवाहमा महिला तथा वन्चितिकरणमा परेका समुदायके सहज पँहुच सुनिश्चित गर्नका लागि लैससास परीक्षण र लैंगिक उत्तरदायी बजेट परीक्षणलाई संस्थागत गरिने छ ।

५३. नगरपालिकाको कूल निशर्त बजेटको कम्तिमा ०.५ प्रतिशत बजेट लैंगिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रमा लगाउने गरी योजना तथा कार्यक्रम तर्जूमा गर्न प्रोत्साहन गरिनेछ ।

५४. योजना कार्यान्वयनका सबै चरणहरुमा महिला तथा सीमान्तकृत समूदायको समानुपातिक सहभागिता सुनिश्चित गरिनेछ ।

## आर्थिक विकास तर्फको नीति तथा कार्यक्रमहरु

**दीगो विकासका लक्ष्य न १, २, ७, ८, १२ मा उल्लेखित लक्ष्यहरु प्राप्तीको लागि र नगरको समग्र आर्थिक क्षेत्रको दीगो विकासको लागि आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि तपसिल बमोजिमका नीति तथा कार्यक्रमहरु तर्जुमा गरएकोछ ।**

१ नगरपालिकाको बढ्दो बसाईसराईलाई कम गर्न, स्थानीय स्तरमै रोजगारी सृजना गर्न, आयात प्रतिस्थापन गर्न, स्थानीय उत्पादनको सहज र सुलभ उपलब्धता गराउन र नगरपालिको आन्तरिक आम्दानी समेत बृद्धि गर्ने उदेश्यले संचालनमा ल्याएको कर्मशील जनशक्ति रोजगार आयआर्जन कार्यक्रमलाई चालु आर्थिक वर्षमा पाइलट प्रोजेक्टको रूपमा परीक्षण गर्दा नतिजा सन्तोषजनक रहेकोले यस कार्यकमलाई आर्थिक वर्ष २०८१/०८२ देखि नवप्रवर्द्धन कार्यक्रम संग जोड्दै थप व्यवस्थित र प्रभावकारी बनाउदै लगिनेछ ।

२. तथ्यपरक योजना तर्जूमा कार्यमा सघाउ पुर्याउन र कृषि तथा पशुतर्फको तथ्यांकहरूलाई व्यवस्थित गर्न कृषि र पशुसेवा तथ्यांक सम्बन्धी सफटवयरको व्यवस्था गरीनेछ ।

३. कृषि जन्य वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्न सशर्त तथा निशर्त बजेटको उपयुक्त व्यवस्थापन मार्फत सिंचाई कूलो निर्माण कार्यमा कर्मशील जनशक्तिहरू र स्थानीय उपभोक्ताहरूको परिचालनलाई थप प्रभावकारी बनाउदै लगिनेछ ।

४. कर्मशील जनशक्ति रोजगार कार्यक्रम मार्फत नगरभित्रका हालप्रयोगमा रहका जग्गाको अतिरिक्त व्यापकरूपमा थप बांझो जग्गाहरूको उपयोग गरी उत्पादनको कार्यलाई व्यापकता दिदै थप रोजगारी सृजना गर्दै लगिनेछ ।

५. खाद्य सुरक्षा तथा पोषण कार्यक्रमलाई टेवा पुर्याउन फलफूलका विरूवा उत्पादन, नर्सरी स्थापना तथा व्यवस्थापन, तरकारी पकेट क्षेत्र व्यवस्था गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

६. कर्मशील जनशक्तिको प्रयोग गरी परम्परागत रूपमा खेति गरिदै आएका स्थानीय जातका कोदो, फापर, गहत, जौ, भटमास जस्ता बालीको संरक्षण गरी अर्गानिक कृषि जन्य वस्तुको उत्पादनमा जोड दिई यस्ता स्थानीय बालीहरूको उपयोग र बजारीकरणलाई प्राथमिकता दिईनेछ ।

७. नगरवाससीहरूलाई कृषिमा अत्मनिर्भर बनाउनको लागि एक घर एक करेसाबारी र एक गाउं एक उत्पादन कार्यक्रमलाई निरन्तरता दिनको लागि अनुगमन कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

८. कृषि पेशालाई मर्यादित बनाउदै विद्यार्थीहरूलाई व्यवहारिक सिकाई उपलब्धी हासिल गराउने गरी उत्पादन संग शिक्षा कार्यक्रमलाई सुदृढ बनाउदै लगिनेछ

९. पशुपालन व्यवसायबाट कम लागतमा उत्पादन र उत्पादकत्व वृद्धि गर्न उन्नत घांसखेति कार्यलाई अगाडि बढाईनेछ ।

१०. लम्पी स्कीन, खोरेत, पिपिआर, एच. एस. वि. क्यू. जस्ता महामारी रोगबाट पशुचौपायाहरुलाई बचाउनको लागि सबै वडाहरुमा खोप सेवा अभियान संचालन गरीनेछ ।

११. नगरपालिकाका अधिकांश क्षेत्रहरु माहुरीपालनको लागि सम्भाव्य भएको विषयलाई मध्यनजर गर्दै विभिन्न क्षेत्रमा माहुरीपालन कार्यक्रमलाई विकास र विस्तार गर्दै लगिनेछ ।

१२. कृषिजन्यवस्तुको बजारीकरणको लागि कृषि एम्बुलेन्सको समुचित प्रयोगमा जोड दिइनेछ ।

१३. प्रधानमन्त्री स्वरोजगार कार्यक्रमसंग आवद्ध श्रमिकहरूलाई कृषि उत्पादनसंग जोड्न कुनै एक बांझोजग्गाको प्लटमा सोही कार्यक्रमबाट उनीहरूलाई काममा लगाउने कार्यलाई जोड दिईनेछ ।

१४. स्वतः स्फूर्तरूपमा स्थानीय रूपमा प्राप्त गर्न सकिने फलफूलहरूको उपयोग गरी उद्योगको प्रवर्द्धन गर्ने कार्यमा स्थानीयलाई जागरूक बनाइनेछ ।

१५. कृषि खेतिलाई सुरक्षित तवरबाट गर्न र यसको उत्पादन तथा उत्पादकत्वमा समेत वृद्धिगर्ने उदेश्यले कृषकहरूलाई प्राथमिकताको आधारमा लागत साझेदारीमा प्लाष्टिक टनेल र मेशीनरी औजार उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

१६. नगरपालिका भित्र कार्यक्षेत्र भई सञ्चालन भएका सहकारी संस्थाहरुको संस्थागत क्षमता विकासका लागि वित्तीय विश्लेषण र ऋण व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिने छ ।

१७. लघु उद्यमको प्रवर्द्धन एवं सिर्जना गर्न,सीप विकास तालिम,लघु उद्यम विकास मोडेलमा कार्यक्रम सञ्चालन, स्थापित उद्यमीहरुको स्तरोन्नतीका लागि कार्यक्रम ल्याईनेछ ।

१८. कर्मशील युवा जनशक्तिहरुलाई उद्यमशीलताको कार्यमा संलग्न गराई रोजगार र आयआर्जनका कार्यलाई एकैसाथ अगाडी बढाउन नवप्रर्द्धन कार्यक्रमको रुपमा मकैको पोस्कर र थाकलको पातबाट झोला तथा टोपी बनाउने र सो को बजारीकरण गर्ने कार्यलाई व्यापकता दिईनेछ जसबाट ५०० जना व्यक्तिलाई स्वरोजगार बनाउने लक्ष्य लिईएकोछ ।

१९. वडा तहमा रहेका मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गर्नुको साथै स्थापित मेलमिलाप केन्द्रहरुको सुदृढिकरणमा जोड दिईने छ ।

२०. नगरपालिकाको न्याय सम्पादनलाई थप प्रभावकारी बनाउन न्यायिकभेला र न्यायिक अवलोकन जस्ता कार्यहरु गरिनेछ ।

२१. .बस्तु वा सेवाको दर्ता,आपूर्ती,मूल्य,गुणस्तर,नापतौल लगायतका व्यापारिक क्रियाकलापलाई उपभोक्ता मैत्री बनाउन नगरपालिकाले बजार अनुगमन तथा नियमन कार्यलाई तदारुपता र निरन्तरता दिईनेछ ।

२२. नगरपालिका भित्र संचालन तथा स्थापना भै नियमानुसार दर्ता तथा नविकरण नगरी काम गरी रहेका उद्यमी तथा व्यवसायीहरूलाई कानुनी दयरामा ल्याई संचालन गर्ने विगतको नीतिलाई निरन्तरता दिईनेछ ।

२३. नगरभित्र उत्पादित कृषिजन्य वस्तुको सहज बजारिकरणका लागि पैंचो पसल स्थापना गर्ने कार्यमा सहकारीहरूसँग समन्वय गरी पैंचो पसल संचालनमा ल्याउन पहल गरिने छ ।

२४. पर्यटकीय सम्भावना बोकेका क्षेत्रहरूको सम्भाब्यता अध्ययन मार्फत पहिचान गर्ने र पहिचान भई DPR समेत भइसकेका पर्यटकीय गन्तब्यहरुको पूर्वाधार विकासमा जोड दिईने छ ।

## पूर्वाधार विकास तर्फका नीति तथा कार्यक्रमहरु

**दीगो विकासका लक्ष्य नं ९, ११ मा उल्लेखित लक्ष्यहरु प्राप्तीको लागि र नगरको समग्र पूर्वाधार क्षेत्रको दीगो विकासको लागि आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि तपसिल बमोजिमका नीति तथा कार्यक्रमहरु तर्जुमा गरएकोछ ।**

१. मध्यमकालिन खर्च संरचनाको अवधारणा कार्यान्वयन गरी नगर भित्रका आयोजनाको Screening गरी Project Bank स्थापना गरिनेछ ।

२. DPR सम्पन्न आयोजनाको लागि आवश्यक बजेट विनियोजन गर्दै अन्य नगर गौरबका आयोजनाहरुको सम्भाब्यता अध्ययन गरिनेछ ।

३. नगर तथा वडास्तरीय मुख्य सडकहरुमा Length Worker (सडक हेरालु) हरुको ब्यबस्था गरि कार्यान्वयनमा लैजान प्राथमिकता दिईनेछ ।

४. DPR सम्पन्न बहुउद्देस्सीय प्रशासकीय भवनको निर्माणका लागि आवश्यक बजेट ब्यबस्थापन गर्न संघ र प्रदेश सरकारसँग समन्वय गरिने छ ।

५. निर्माण सम्पन्न भईसकेको र अन्तिम चरणमा रहेका अन्तर जिल्ला जोड्ने सडकहरुमा सडक सुरक्षाका लागि क्यास ब्यारियर, ट्राफिक चिन्हको ब्यबस्थापन गरि दुर्घटना न्यूनीकरण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

६. उत्पादनयोग्य जमीनमा स्तरीय  सिंचाई सुविधाका लागि सिंचाई कुलोहरु निर्माण तथा विस्तारका कार्यहरु गरिनेछ र सो कार्यको लागि प्रदेश तथा संघीय बजेटलाई समेत समन्वयात्मक ढंगबाट कार्यान्वयन गर्न सहकार्य गरिनेछ ।

७. स्वच्छ खानेपानीको सुविधाबाट बन्चित घर परिवारलाई वास प्लान अनुसार खानेपानीका योजनाहरु सञ्चालनमा ल्याई एक घर एक धाराको नीति अनुसार सुरक्षित खानेपानीको हकलाई प्रत्याभूती हुने ब्यबस्था क्रमस मिलाउँदै लगिनेछ ।

८. नगरस्तरीय मुख्य सडकहरुको अतिरिक्त वडास्तरीय मुख्य सडकहरुको थप स्तरोन्नतीको लागि कालोपत्रे गर्ने कार्यलाई अगाडी बढाईनेछ ।

९. सीमेन्ट पोखरी, थोपा सिंचाई, रिचार्ज पोखरी जस्ता प्रबिधीको प्रयोग गरी उच्च स्थानमा समेत कृषि उत्पादनमा जोड दिइनेछ ।

१०. जैवीक विविधलाई संरक्षण गर्न वातावरणमैत्री योजना तथा कार्यक्रममा विशेष जोड दिई पूर्वाधार निर्माण सँगसँगै बायो इन्जिनियरिङ्गलाई समेत प्राथमिकता दिईनेछ ।

११. प्रत्येक टोल तथा आवश्यक स्थानमा सामुदायिक भवनहरु, प्रतिक्षालय, क्रियापुत्री आश्रयस्थलहरु निर्माण गर्दै लगिने छ ।

१२. जग्गा वर्गीकरणको लागि आवश्यक ब्यबस्था मिलाईने छ ।

१३. कर्मशिल जनशक्ति आयमूलक कार्यक्रमलाई थप प्रभावकारी तथा ब्यबस्थित गर्न खेतीयोग्य जमीनसम्म पुग्ने सडकलाई स्तरोन्नती गर्ने र साना सिंचाई प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी सिंचाईको सहज ब्यबस्था मिलाईने छ ।

१४. नगरपालिका भित्रका सबै वडा कार्यालयहरुलाई सुरक्षित तथा थप व्यवस्थित गर्न तारबार र प्रवेशद्वारको आवश्यक प्रबन्ध मिलाईने छ ।

१५. स्वास्थ्य संस्थालाई थप ब्यबस्थित तथा प्रभावकारी बनाउन भवन नभएका तथा जीर्ण अवस्थाका भवन भएका स्वास्थ्य संस्थाहरुलाई आधुनिक भवन निर्माण गरी सेवा प्रवाह गर्ने ब्यबस्था मिलाईने छ ।

१६. निर्माण हुने पूर्वाधारहरुलाई अपाङ्गमैत्री र बालमैत्री बनाउँदै लगिने छ ।

१७. नगरपालिका भित्रका आवश्यक स्थानहरुमा सडक पूल तथा झोलुङ्गे पूलहरु निर्माणका लागि सम्भाब्यता अध्ययन गरी पूल निर्माणको कार्यलाई प्राथमिकता दिइने छ ।

१८. प्रधानमन्त्री रोजगार तर्फका कार्यक्रमहरुलाई ब्यबस्थित गर्न नगरपालिकाबाट समेत म्याचिंगको रुपमा बजेटको व्यवस्था मिलाईनेछ ।

१९. नगरपालिकाका सबै वडा केन्द्र तथा बजार क्षेत्र आसपास र गाउँटोलमा निर्मित पक्की घरहरुको नक्शा अभिलेखिकरण तथा नक्शापासको प्रकृयालाई अनिवार्य गरी कार्यान्वयनमा ल्याइनेछ ।

२०. नेपाल सरकारद्वारा जारी भवन संहिता बमोजिम भवन निर्माण गर्ने नीतिलिईने छ ।

२१. निर्माण सम्पन्नभईसकेका योजनाहरुको टिकाउ तथा दिगोपनका लागि मर्मत संभार कोषको ब्यबस्थालाई थप प्रभाकारी बनाउंदै लगिनेछ ।

२२. सडक गुरु योजना तयार गर्नुको साथै सम्पन्न सडकहरुमा विभिन्न स्थानको नामाङ्करण तथा संकेत चिन्ह राखि ब्यबस्थित गरिनेछ ।

२३. नगर भित्र संचालनहुने ठूला योजनाहरुले पार्ने दीर्घकालिन असर, सो को टिकाउ, फाइदा लिन सकिने अवसरलाई समेत ध्यानमा राखि पर्यटन पूर्वाधार निर्माण, सडक गुरु योजना निर्माण र खानेपानी योजनाहरुलाई समेटेर विस्तृत परियोजना प्रस्ताव निर्माण गरि अघि बढिने छ ।

२४. साना तथा मझौला योजनाहरुको सकभर कर्मशील जनशक्ति वा उपभोक्ताहरु मार्फत सञ्चालन गर्न प्राथमिकता दिईने छ। साथै खानेपानी तथा सिंचाईमा कम्तिमा १५ प्रतिशत र अन्य योजनाहरुमा कम्तिमा ५ प्रतिशत योगदान हुने गरी उपभोक्ताहरुको लागत सहभागितालाई अनिवार्य रुपमा कार्यान्वयनमा ल्याउने नीतिलाई निरन्तरता दिईनेछ ।

२५. सबै किसिमका निर्माणकार्यको रकम भुक्तानी गर्दा २.५ प्रतिशतकन्टिन्जेन्सी रकमकट्टा गरी भुक्तानी गर्ने विगतको नीतिलाई निरन्तरता दिईनेछ ।

२६. निर्माण हुने पूर्वाधारहरुको गुणस्तर कायम गर्नका लागि ल्याब टेष्टको कार्यलाई ब्यबस्थित र सुदृढिकरण गर्दै लगिनेछ ।

२७. भूमिकास्थान नगरपालिका अन्तर्गत संचालित विभिन्न आयोजनाहरूको निर्माणको क्रममा प्रयोग हुने ढुंगा, गिट्टी, बालुवा, ग्राभेल लगायतका सामग्रीहरूको रोयल्टी अनिवार्य बुझाउनुपर्ने कानुनी प्रावधान रहेकोमा आर्थिक वर्ष २०८१⁄०८२ देखि उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरूले भुक्तानी माग गर्दाको वखत प्रयोग भएका निर्माण सामग्रीको रोयल्टी बुझाएको रसिद अनिवार्य संलग्न गर्नुपर्ने तर रोयल्टी बापतको रसिद⁄भौचर संलग्न नगरेको अवस्थामा प्राविधिक मूल्यांकनको आधारमा कार्यालयबाटै रोयल्टी वापतको रकम कट्टा गरी भुक्तानी प्रक्रिया अगाडी बढाउने नीतिलाई कडाईका साथ लागु गरिनेछ ।

२८. सडक किनारामा स्थायी पूर्वाधार निर्माण गर्दा सडकको Right of way बमोजिम संरचना निर्माण गर्नुपर्ने ब्यबस्थालाई कडाईका साथ लागु गरिने छ ।

## वन वातावरण तथा विपद् व्यवस्थापन तर्फका नीति तथा कार्यक्रमहरु

**दीगो विकासका लक्ष्य नं १३, १४, १५ मा उल्लेखित लक्ष्यहरु प्राप्तीको लागि र नगरको समग्र वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको दीगो विकासको लागि आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि तपसिल बमोजिमका नीति तथा कार्यक्रमहरु तर्जुमा गरएकोछ ।**

१. **विपद् जोखिम घटाउँ, कृषि उत्पादन बढाउँ** भन्ने नाराका साथ आगलागिबाट हुने विपद् न्यूनिकरणको लागि फागुन देखि जेष्ठ सम्म मानव वस्ति नजिक रहेका डढेलोको जोखिमयुक्त पातपतिंगरहरुलाई नगरपालिका भित्ररहेका सामूदायिक वनहरुसंगको समन्वयमा एकैठाउँमा संकलन गरी कर्मशिल जनशक्तिहरु मार्फत कम्पोष्ट मल बनाउने कार्यमा जोड दिईनेछ ।

२. नगर भित्रका सबै किसिमका वन सम्पदाहरुको संरक्षण तथा सम्बर्द्धनमा समुदायको सकृयता बृद्धि गर्नका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै सामुदायिक वनबाट हुने आम्दानीलाई व्यवस्थापन गर्ने कार्यलाई जोड दिईनेछ ।

३. वन पैदावारहरुको अवैध निकासी तथा गैह्र कानूनी रुपमा हुने बिक्री वितरणलाई नियन्त्रण गरिनेछ ।

४. डिभिजन वन कार्यालय, सव डिभिजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता समिति, विभिन्न समूहहरुसँग सहकार्य तथा समन्वयमा खाली तथा पर्ति बाँझो जग्गाहरुमा मसला तथा जडिबुटी जन्य (टिमुर, सुनकाउली, हर्रो, बर्रो, चिउरी, साभ्फ) बिरुवाहरु रोप्ने कार्यमा कर्मशील जनशक्तिको प्रयोग गरिनेछ ।

५. भू-क्षय नियन्त्रण एवं रोकथामका लागि बायो इन्जिनियरिङ्गका साथै बृक्षारोपणमा जोड दिइने छ ।

६. पूर्वाधार निर्माणका कामहरु गर्दा वन तथा वातावरणमा प्रतिकुल असर नपर्ने गरी निर्माण कार्य अगाडि बढाइने छ । पानीका स्रोतहरुको संरक्षण, हिउँदको समयमा सुख्खा हुन नदिन साना खोला, खोल्साहरु, पानीका मूल एवं सिंसार क्षेत्रहरुको संरक्षण गर्न रिचार्ज पोखरीहरुको साथै चेक ड्याम निर्माणमा जोड दिइने छ ।

७. आकस्मिक रुपमा हुने आगलागि नियन्त्रणका लागि पानी ट्यांकी सहितको ट्रयाक्टर र विपदमा परेका नागरिकहरुलाई उद्धार गर्न एम्बुलेन्स सेवा ब्यबस्थित रुपले सञ्चालन गरिनेछ ।

८. मानव निर्मित तथा प्राकृतिक रुपमा रहेका पोखरी, ताल, तलाउहरुको संरक्षण तथा सम्बर्द्धन, सौन्दर्यीकरण गरी आन्तरिक पर्यटन प्रबर्द्धनका लागि प्राथमिकता दिईने छ ।

९. प्राकृतिक तथा मानव सिर्जित विपदको रोकथाम तथा न्यूनिकरणका लागि विपद पूर्व तयारी, विपदमा उद्दार तथा विपद पछिको पुनर्ब्यबस्थापनका कार्यहरु अगाडी बढाईने छ ।

१०. नगरपालिकाका विभिन्न क्षेत्रहरुमा रहेका जडीबुटीहरुलाई संकलन तथा प्रशोधनको प्रकृया अगाडी बढीरहेको सन्दर्भमा सो को प्रभावकारी ब्यबस्थापनमा जोड दिईने छ ।

## सुशासन तथा संस्थागत विकास तर्फका नीति तथा कार्यक्रमहरु

**दीगो विकासका लक्ष्य नं १० , ११, १७ मा उल्लेखित लक्ष्यहरु प्राप्तीको लागि र नगरको समग्र सुशासन तथा संस्थागत विकासको लागि आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि तपसिल बमोजिमका नीति तथा कार्यक्रमहरु तर्जुमा गरएकोछ।**

१ विकासको नविनतम् प्रविधिको अध्ययन अवलोकनबाट सिकाई उपलब्धी हासिल गरी नगरपालिकालाई नयाँ ढंगले विकास गर्न जनप्रतिनिधी र कर्मचारीहरुको प्रतिनिधिमूलक संयुक्त अवलोकन भ्रमणको ब्यबस्थापन गरीनेछ।

२. नगर तथा वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवालाई छिटो छरितो, नागरिक मैत्री, पारदर्शि र जवाफदेही बनाउनका लागि सफ्टवेयरको व्यवस्था गरी संचालनमा ल्याइने छ।

३. सूचनाको हकलाई सबै नगरवासीको पहूँचमा पुऱ्याउनका लागि गुनासो सुनुवाई, गुनासो व्यवस्थापन, सम्पादित कामको सार्वजनिकीकरण, खर्चको सार्वजनिकीकरण गर्नुका साथै वर्तमान सूचना प्रणालीमा थप सुधार गर्दै लगिने छ।

४. सूचना तथा प्रविधि, कानुनी, प्रशासनिक बिषयवस्तुमा व्यवहारिक ज्ञानका लागि जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकासका तालिम सञ्चालन गरिनेछ।

५. कार्यसम्पादनका सन्दर्भमा आउने समस्याहरुको पहिचान, अध्यायन, अनुसन्धान गरी समाधान गर्न, नगरको सामाजिक तथा आर्थिक विकासमा टेवा पुऱ्याउन र नव प्रवर्द्धनात्मक कार्य गर्न  कार्यविधिको निर्माण भैसकेकोमा नवप्रवर्द्धनको परीक्षणबाट प्राप्त पृष्ठपोषणलाई मध्यनजर गर्दै उक्त कार्यक्रमलाई थप परिष्कृत गर्न सहायक कार्यविधीहरु तयार गर्दै लगिनेछ।

६. टोल विकास संस्थाहरुलाई पुनर्गठन तथा अद्यावधिक गरी क्षमता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गर्दै लगिनेछ।

७. नगर स्तरीय अनुगमन समितिलाई अनुगमन तथा सुपरिवेक्षणको क्षेत्रमा बढी प्रभावकारी, पारदर्शी र चुस्त दुरुस्त बनाउन सम्बन्धित वडाको वडा अध्यक्ष र सोही वडाको कार्यपालिका सदस्यलाई अनुगमन समितिमा स्वतः रहनेगरी नगरस्तरीय अनुगमन समितिको परिमार्जन हुने गरी कार्यविधीहरु संशोधन गरि अगाडी बढ्नुका साथै सम्बन्धीत वडाका वडा सदस्यहरुलाई वडा भित्रका विषयगत क्षेत्रका संयोजक तोकी जिम्मेवारी प्रदान गर्ने ब्यबस्था मिलाईनेछ।

८. नगरपालिकाले सम्पादन गरेका सबै कार्यहरुको परिणाम, गुणस्तरका  साथै आगामी दिनका लागि पृष्ठपोषण लिन समिक्षा बैठक तथा गोष्ठी, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई कार्यलाई निरन्तरता दिईनेछ।

९ भूमिकास्थान नगरपालिकाको समग्र विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भगिनी सम्बन्ध स्थापनाका लागि पहल साथै सरकारी तथा गैर सरकारी संघ संस्था बीच संस्थागत सम्बन्ध विस्तार गर्नेकार्यलाई प्राथमिकतामा राखिनेछ।

१०. नगरपालिकाको वित्तीय जोखिम न्यूनिकरण गर्दै बेरुजुलाई घटाउँदै लगिनेछ।

११. नगरपालिकामा रहेको मौजुदा दरबन्दि संरचना अनुसार आवश्यक जनशक्ति ब्यबस्थापनको कार्यलाई प्रभावकारी रुपले अगाडि बढाउन O&M Survey गरी आवश्यक दरबन्दिमा पदपूर्तीको ब्यबस्था मिलाइने छ ।

१२. सामाजिक रुपान्तरणका लागि नगरपालिकाका आवश्यक स्थानमा चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ।

१३. नगरपालिका भित्र अखाद्य बस्तुको ओसार पसार तथा विक्री वितरणमा नियन्त्रण र रोकथाम गरी बजार मूल्यमा समेत एकरुपता ल्यउने कार्य गरिनेछ।

१४. नगरपालिकाको समग्र कार्य सम्पादन प्रकृयालाई प्रभावकारी बनाउन बहुउद्देश्यीय प्रशासकीय भवन निर्माणका लागि बजेट ब्यबस्थापनको गर्न संघीय सरकार सँग थप पहलका गतिविधीहरु गरिनेछ।

१५. नगर कार्यपालिकाको कार्यालयको नजिकै रहने गरी प्रहरी विट व्यवस्थापनको लागि पहल गरिनेछ।

१६. कालोवजारी,अभाव सिर्जना गरी बढी मूल्य लिने,म्याद नाघेका बस्तुहरुको विक्रि वितरण गर्ने गर्ने जस्ता कार्यलाई निरुत्साहित गर्न अनुगमन योजना सहित नियमन गरिनेछ ।

१७. नगर न्यायिक समितिका कामकारवाहीलाई प्रभावकारी तथा सशक्त बनाउनको लागि मेलमिलाप केन्द्रहरु सुदृढ गर्दै लगिनेछ ।

१८. नगरपालिकाका विभिन्न वडाहरुमा स्वास्थ्य सम्बन्धी घुम्ति शिविर, योजना सम्झौता तथा खाता संचालन सम्बन्धि कार्यक्रम संचालन गरी जनताको घरदैलोमा सेवा पुर्‍याउने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाउने नीति लिईने छ ।

१९. जसको जमीन उसको आकास भन्ने प्राकृतिक नियमलाई पालना गर्न सबै नगरबासीहरुले आफ्नो भोगाधिकार क्षेत्र भन्दा बाहिर बोट विरुवा लगायतका वस्तुहरु जान नदिने ब्यबस्थालाई कडाईका साथ लागु गरिने छ ।

**अन्त्यमा,**

यो नीति तथा कार्यक्रम तयारीमा सुझाव सल्लाह प्रदान गर्नुहुने नगरसभाका सम्पूर्ण सदस्य ज्यूहरु, कर्मचारी मित्रहरु, आम नागरिक, संचार माध्यम, विद्यालयका शिक्षक शिक्षिकाहरु लगायत सवैमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु। धन्यवाद ॥

**झविलाल थापा**
नगरसभा अध्यक्ष
भूमिकास्थान नगरपालिका

# भुमिकास्थान नगरपालिका

# नुवाकोट, अर्घाखाँची

# भुमिकास्थान नगरपालिकाको नगरसभाको पन्धौ अधिवेशनमा नगरपालिकाका उप-प्रमुख एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री बालकृष्ण बन्जाडेद्धारा प्रस्तुत आर्थिक बर्ष २०८१।०८२ को बजेट बक्तव्य

## १० आषाढ, २०८१

# भूमिकास्थान नगरपालिकाको आ.ब. २०८१/०८२ को प्रस्तावित बजेट तथा कार्यक्रम

सभाका श्रदेय अध्यक्ष ज्यू,

नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत उपस्थित सम्पूर्ण कर्मचारी मित्रहरु ।

१. भूमिकास्थान नगरपालिकाको नगरसभाको पन्ध्रौ अधिवेशनमा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको तर्फबाट नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को प्रस्तावित बजेट, योजना तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्रदान गर्नु भएकोमा श्रदेय अध्यक्ष ज्यू लगायत सम्पूर्ण सदस्य ज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु साथै यस पावन अवसरमा राष्ट्र र जनताको लागि आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण वीर शहिदहरु प्रति श्रद्धान्जली अपर्ण गर्दछु ।

**श्रद्धेय अध्यक्ष एवं सदस्यज्युहरु,**

२. स्थानीय तहको निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधीहरुले जनता माझमा गरेका प्रतिबद्धता, जनताका आवश्यकता र नगरको समग्र सन्तुलित विकासको विषयलाई मध्यनजर गर्दै र विगतमा भएका राम्रा पक्षहरुको अनुसरण गर्दै थप सृजनशिल भएर काम गर्नुपर्ने हुन्छ । नगरपालिकाको हालको अवस्थालाई हेर्दा नगरको आफ्नै आम्दानी निकै कम भएको कारण विकासको लागि संघीय तथा प्रादेशिक बजेट मै निर्भर हुनुपर्ने विगतको अवस्थालाई केही हदसम्म भएपनि परिवर्तन गर्न आगामी आर्थिक वर्षको लागि करका दायराहरु बढाउने कार्यलाई प्राथमिकता दिईएकोछ । चालु आर्थिक वर्ष २०८०/०८१ मा तोकीएको सिलिंगभन्दा समानिकरण अनुदान २५ प्रतिशत कमी आउनुले एकातर्फ निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुलाई भुक्तानी दिन कठिनाई उत्पन्न भएको छ भने अर्को तर्फ आगामी आर्थिक वर्षको लागि भुक्तानी दायित्व वढ्न जाने संभावना रहेको छ । यसले आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम तर्जूमामा विनियोजन चाप बढेर गएकोछ । चालु आर्थिक वर्षमा तोकीएको सिलिंगभन्दा कम बजेट आउनु र आगामी आर्थिक वर्षको सिलिंग समेत घटेर आउनुले नगरको सोच तथा जनताको आकांक्षालाई प्रभावकारी रुपमा सम्बोधन गर्न कठिनाई भएता पनि यथासक्य सबैक्षेत्रको सन्तुलित रुपमा सम्बोधन गर्ने प्रयास भएको व्यहोरा सभा समक्ष निवेदन गर्दछु । अति न्यून आन्तरिक आय र संघ तथा प्रदेशको न्यून निशर्त अनुदानबाट नगरको पूर्वाधारको क्षेत्र, आर्थिक विकासको क्षेत्र, सामाजिक विकासको क्षेत्र, वन वातावरण तथा विपद्को क्षेत्र र सुशासनको क्षेत्रमा काम गरी सन्तुलित विकासलाई टेवा पुर्‍याउनु हाम्रो दायित्व भएकोले सोही बमोजिम बजेट विन्यास गर्ने प्रयास गरेकोछु ।

३. नगरपालिको आर्थिक वर्ष २०८०/०८१ को प्रगतिको सन्दर्भमा नगरसभाको तेह्रौ र चौधौ अधिवेशनले लिएको नीति तथा कार्यक्रम र बजेटको जगमा अगाडी बढेको व्यहोरा अनुरोध गर्दै प्रगति सन्तोष जनक बनाउने प्रयास गर्दागर्दै आशातित प्रगति हासिल गर्न नसकेको यथार्थ सभा समक्ष जानकारी गराउन चाहान्छु अझ खर्चको चौमासिक वितरणलाई धेरै नै सुधार गर्दै जानुपर्ने अवस्था सृजना भएकोले आगामी दिनहरुमा यस तर्फ सबैको ध्यान पुग्नेछ भन्ने विश्वास लिएको छु ।

४. आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन मध्यमकालिन खर्च संरचनाले सहयोग गर्ने भएकोले नगरपालिकाको समग्र विकासको प्राथमिकता प्राप्त कार्यक्रमहरूको निरन्तरता र लगानी तथा कार्यान्वयनको सुनिश्चितताको माध्यमद्धारा दिगो विकास हासिल गर्न र नगरको दीर्घकालीन सोच **'कृषि, पर्यटन, उद्योग र रोजगार ॥ समृद्ध भूमिकास्थानको मूल आधार' ॥** भन्ने नारालाई चरितार्थ गर्न आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट प्रस्ताव गर्नुको अतिरिक्त थप २ वर्षको आम्दानी र खर्च प्रक्षेपण गर्ने कार्य समेत भएको व्यहोरा अनुरोध गर्न चाहान्छु ।

५. नगरपालिकाको आफ्नै आन्तरिक स्रोत अत्यन्त न्यून भएकोले परनिर्भरता बढ्न सक्ने अवस्था सृजना हुने अवस्थालाई मध्यनजर गर्दै राजश्व संकलनको अवस्था, संभावना र चुनौतिको विषयमा अध्ययन गर्दै अगाडि बढ्नु पर्ने अवस्थामा आगामी आर्थिक वर्षमा करका दयरा बढाउनुको साथै करसंकलनलाई प्रभावकारी बनाउने केही नीतिगत निर्णयहरु समेत भएको व्यहोरा निवेदन गर्न चाहान्छु । साथै राजश्व संकलनको अवस्था सुदृढ गर्न कर्मशील जनशक्ति रोजगार आयआर्जन कार्यक्रममा आय तथा व्यय वापतको बजेटलाई चालु आर्थिक वर्ष भन्दा वृद्धि गरी थप प्रभावकारी बनाउने प्रयास गरिएको छ ।

**श्रद्धेय अध्यक्ष एवं सदस्यज्युहरु,**

६. प्रस्तुत बजेट तथा कार्यक्रम  नेपालको संविधान, नेपालको सोह्रौ योजना, दिगो विकास लक्ष्य, राष्ट्रिय नीतिहरु, स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय तहका अन्य ऐनहरु तथा सो सम्बद्ध कार्यविधि, नगरपालिकाको आवधिक योजना, मध्यमकालिन खर्च संरचना, नगरपालिकाले तय गरेका नीति एवं विभिन्न परिपत्रहरुले निर्दिष्ट गरेका मार्गदर्शनहरुको साथै अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र लुम्बिनी प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, एवं योजना तर्जुमाका क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सुझावहरु, विगतका आर्थिक वर्षहरुमा आयोजना तथा कार्यक्रम कार्यान्वयनको क्रममा प्राप्त सिकाईहरु समेतका आधारमा तयार गर्ने प्रयास गरिएको छ ।

७. आगामी आर्थिक वर्ष २०८१।०८२ को लागि प्रास्तावित आयोजनाहरुमा विशेषत अधुरा योजनाहरुलाई सम्पन्न गर्ने गराउने क्षेत्रहरुमा, वडास्तरीय महत्वका योजनाहरुमा, विपद् न्यूनिकरण गर्ने,  तथा नगवासीहरुलाई रोजगारी उपलब्ध गराउने विषयमा बजेट केन्द्रीत गरिएको छ । यसका साथै शिक्षाको गुणस्तर सुधार, कृषि र पशुपालन क्षेत्रको दीगो विकास, लक्षित समूदायको विकास, नवप्रवर्द्धनयुक्त कृषि र उद्योग क्षेत्र र  स्वास्थ्यको क्षेत्रमा सुधार गर्ने गरी बजेट व्यवस्थापन गर्ने प्रयास गरिएको छ ।

**श्रद्धेय अध्यक्ष एवं सदस्यज्युहरु,**

१०.  अब म नगरको समग्र विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने उदेश्यले नगरले तय गरेको नीति तथा कार्यक्रमको आधारमा भुमिकास्थान नगरपालिकाको आर्थिक वर्ष ०८१/०८२ को क्षेत्रगत बजेट तथा  कार्यक्रम  प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

***क) भौतिक पूर्वाधार तर्फ***

१. नगर तथा वडाका मुख्य सडकहरुको स्तरोन्नतिको कार्यलाई प्रमुख प्राथमिकताका साथ अगाडि बढाउने विगतको नीति बमोजिम नै ठूला सडकहरुको स्तरोन्नतीको लागि

आवश्यक वजेट तथा समन्वयको कार्य भैरहेको छ जसमा नगरको पहलमा प्रदेशस्तरबाट तीनवटा सडकहरु क्रमशः गच्छे ढिकुरा धनचौर, धारापानी ढाकावांग र पहुंच मार्गको रुपमा नरपानी ढिकुरा नुवाकोट सडकलाई  बहुवर्षिय योजनाको रुपमा कार्यान्वयनमा अगाडि बढाईएको छ ।

२. नरपानी ढिकुरा नुवाकोट सडक र वेल्बोट पौवाजोगिटारी सडकको कालोपत्रे गर्ने कार्य भै रहेकोमा आगामी वार्षमा समेत दुवै सडकको लागि नगरपालिकाबाट रु. ३ करोड १० लाख र संघीय म्याचिंग रु. १ करोड गरी जम्मा रु. ४ करोड १० लाख विनियोजन गरिएको छ । यी सडकहरुलाई वहुवर्षिय सडकको रुपमा ठेक्का वन्दोवस्त गरी कार्यान्वयन गरिनेछ ।

३. उपल्लापोखरा भूमेकाथान पिपलनेटा सडक कालोपत्रे गर्ने कार्य चालु आर्थिक वर्षमा अगाडी बढिरहेकोमा थप खण्डहरुमा समेत कालोपत्रेको कार्य अगाडी बढाउन आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि प्रदेश म्याचिंग र नगरपालिकाको बजेट समेत गरी जम्मा १ करोड ४५ लाख बजेट विनियोजन गरेकोछु । यस सडकलाई समेत वहुवर्षीय ठेक्का वन्दोवस्त गरी कार्यान्वयनमा लगिनेछ ।

४. वडा तहका मुख्य १० वटा सडकहरुलाई समेत आर्थिक वर्ष २०८१/०८२ देखि कालोपत्रे गर्ने गरी अगाडी बढिनेछ जसको लागि १० वटै सडकहरुको बहुवर्षीय ठेक्का वन्दोवस्त गरिनेछ ।  १० वटा वडाका १० वटा सडकहरुका लागि आगामी आर्थिक वर्षमा ४ करोड बजेट व्यवस्था गरिएकोछ ।

५. वस्ती विकास, आवास तथा भवन र अन्य पूर्वाधारको क्षेत्रमा कार्य गर्न र सूचना प्रविधिको पूर्वाधारमा समेत टेवापुर्‍याउनको लागि रु. ३ करोड ७२ लाख बजेट विनियोजन गरेकोछु ।

६. नगरपालिकाका विभिन्न खेतियोग्य जग्गा र बांझो खेतियोग्य जग्गाहरुबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्न सिंचाई पूर्वाधार निर्माणको लागि सशर्त तथा निशर्त अनुदानबाट आवश्यक  बजेट सुनिश्चित गरिएको छ ।

७. विभिन्न पूर्वाधारका योजनाहरुको  मर्मत सम्भारको लागि मर्मत संभारकोषको व्यवस्था गरी मर्मत संभारको कार्यलाई अगाडि बढाइएकोमा आर्थिक वर्ष २०८१/०८२ को लागि समेत विभिन्न योजनाहरुको मर्मत संभार गर्नको लागि नगरतर्फको रु. ३० लाख र वडा तर्फको समेत गरी मर्मत संभार तर्फ रु. १ करोड ३ लाख ५० हजार बजेट विनियोजन गरिएकोछ ।

८. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट संचालन हुने आयोजना तथा कार्यक्रमलाई थप प्रभावकारी बनाउन नगरपालिकाबाट म्याचिंगको रुपमा छुट्टै रु. ५० लाख र वडा तहबाट रु. ८ लाख गरी जम्मा ५८ लाख  बजेट विनियोजन गरेको छु ।

९. आर्थिक वर्ष २०८१/०८२ मा पूर्वाधार क्षेत्रको समग्र विकासको लागि जम्मा रु. १३ करोड ९१ लाख बजेट विनियोजन गरेको छु ।

***ख) आर्थिक विकास तर्फ  ( कृषि, पशु, पर्यटन, उद्योग)***

१. कृषि पेशालाई सम्मानित, व्यवसायिक, व्यवहारिक बनाउदै लैजाने र रोजगारीको अवस्था सृजना गरी नगरबाट बसाईसराइ गरी बाहिर जाने प्रवृत्ति कम गर्ने नगरको नीति बमोजिम कर्मशिल जनशक्ति रोजगार आयआर्जन कार्यक्रमको परीक्षण

सन्तोषजनक देखिएकोले आर्थिक वर्ष २०८१।०८२ मा क्षेत्र र जनशक्ति थप गर्ने गरी बजेटको आकारमा वृद्धि गरेको छु ।

२. कृषि तथा पशुतथ्यांकलाई व्यवस्थित गरी तथ्यमा आधारीत प्लानिंª गर्न सफ्टवयर र तथ्यांक संकलनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

३. विगतमा कृषि तथा पशुपालनको क्षेत्रमा गरिएका पकेट कार्यक्रम तथा अन्य कार्यक्रमको अवस्था विश्लेषण र थप सुधारको लागि स्थलगत तालिम र अनुगमन कार्यको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

४. कृषिको व्यवसायीकरण, आधुनिकरण र औद्योगिकीकरणको लागि कृषकहरूलाई आधुनिक प्रविधी उपलब्ध गराउन ५० प्रतिशत अनुदानमा हाते ट्रयाक्टर तथा अन्य कृषि सामग्री उपलब्ध गराउनको लागि बजेट व्यवस्था गरिएको छ ।

५. पशुपालन व्यवसायमा देखिने लम्पी स्कीन, खोरेत, एच. एस. वि. क्यू., पिपिआर लगायतका विभिन्न महामारीहरुले पुर्‍याउन सक्ने क्षति समेतलाई मध्यनजर गर्दै यस प्रकारका महामारीजन्य रोगहरुको उपचारको लागि तथा खोप सेवा संचालनको लागि बजेटको व्यवस्था गरेको छु ।

६. नगरपालिकाको पशुपालन व्यवसायलाई व्यवस्थित बनाउनको लागि वाखाखोर निर्माण कार्यक्रम, भकारो सुधार कार्यक्रम, विभिन्न प्रकृतिका तालिम जस्ता कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

७. कृषि, पशुपालन, उद्योग लगायतका क्षेत्रमा कर्मशील जनशक्तिहरु परिचालन गरी रोजगारी तथा आयआर्जनको क्षेत्रमा सुधारल्याउनको लागि नवप्रवर्द्धन कार्यक्रम र नगर म्याचिंग गरी जम्मा १ करोड ६५ लाख बजेट विनियोजन गरेकोछु ।

८. मकै तथा माहुरी प्रबर्धन कार्यक्रमको लागि सशर्त अनुदानबाट छुटै बजेटको समेत व्यवस्था गरिएकोछ ।

९. आर्थिक वर्ष २०८१/०८२ समग्र आर्थिक विकासको लागि सशर्त तथा निशर्त बजेट गरी जम्मा रु. ३ करोड २८ लाख ९४ हजार बजेट विनियोजन गरेकोछु ।

### ***ग) सामाजिक विकास तर्फ ( शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा विपन्न/दलित, आदिवासी/जनजाति अपाङ्ग, पिछडिएको वर्ग सम्बन्धी नीति)***

१. शिक्षाको गुणस्तर अभिवृद्धि गर्न कार्यसम्पादन मूल्यांकनमा आधारित शिक्षण सिकाई कार्यक्रमको लागि वडा तथा नगर तहबाट गरी रु. १ करोड २० लाख बजेट विनियोजन गरिएको छ ।

२. नगरपालिकामा खेलकूदको माध्यमबाट शारीरिक, मानसिक विकास गर्नको लागि विभिन्न स्थानमा खुल्ला स्थानको आवश्यकतालाई मध्यनजर गरि विभिन्न वडाहरुमा आवश्यक खेलमैदान निर्माण गर्ने कार्यको लागि, विभिन्न खेलकुद कार्यक्रम संचालनको लागि बजेटको व्यवस्था गर्नुका साथै संस्कृति संरक्षण तथा प्रवर्द्धनको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

३. खेलकुद स्वस्थ जीवनको लागि र राष्ट्रको पहिचानको लागि अत्यन्त महत्वपूर्ण हुने भएकोले नगरमा यसको संस्थागत विकास गर्न आर्थिक वर्ष २०८१/०८२ मा मेयरकप भलिवल प्रतियोगित र उपमेयरकप क्रिकेट प्रतियोगिताको लागि सांकेतिक रुपमा भएपनि बजेटको व्यवस्था गरिएकोछ जसले खेलाडीहरुमा खेलप्रतिको उत्साहमा वृद्धिगर्ने अपेक्षा गरेकोछु ।

४. संघीय विशेष अनुदानबाट र नगर तथा वडा स्तरीय बजेटबाट नगरपालिकाको एक घर एक धारा निर्माण गर्ने अभियानलाई अगाडी बढाउनको लागि बजेट व्यवस्था गरेको छु ।

५. नगर क्षेत्रभित्र संचालित सामुदायिक विद्यालयहरुको भौतिक पुर्वाधार निर्माण एवं शैक्षिक गुणस्तरमा सुधार ल्याउन निशर्त तथा सशर्त शिर्षकमा आवश्यक बजेटको व्यवस्था गरेको छु साथै राष्ट्रपति रनिंगसिल्ड, विद्यालय स्काउट कार्यक्रमको निरन्तरताको लागि बजेटको व्यवस्था गरिएको छ ।

३. विद्यालयका विद्यार्थीहरुलाई संस्कार सहितको व्यवहारिक शिक्षा हासिल गरुन भन्ने उदेश्यबाट एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको निरन्तरताको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

४. सामूदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड व्यवस्थापनको लागि सशर्त शिर्षकमा रु. १८ लाख २७ हजार बजेट व्यवस्था गरिएको छ ।

७. स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउनको लागि आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी तथा सर्जिकल सामग्री खरिद, आयुर्वेद स्वास्थ्य सेवाको लागि औषधी खरीद, माहिला स्वास्थ्य स्वयंसेविका सहयोग कार्यक्रम, PNC home भिजिट, जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम लगायतका कार्यक्रममा आवश्यक बजेटको व्यवस्था गरको छु ।

८. नगरपालिकाका विभिन्न स्थानहरूमा आंखाको समस्या भएका तर उपचारको लागि बाहिर जान नसक्ने विपन्नहरू तथा अन्य आंखाको समस्या भएका व्यक्तिहरूको आंखाको अप्रेशन सहितको उपचार सेवा संचालन गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

९. चालु आर्थिक वर्षमा स्क्रीनª भएका विकालांग बालबालिकाहरूको उपचारमा सहयोग पुर्‍याउनको लागि बजेटको व्यवस्था गरेको छु ।

८. लैंगिक हिंसा न्यूनिकरण, बालश्रम मुक्त नगरपालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दलित तथा जनजाति विशेष कार्यक्रमको लागि बजेट व्यवस्था गरिएको छ ।

९. अपाª गता भएकाहरूलाई परिचयपत्र वितरणमा सहजता ल्याउनको लागि सो सम्बन्धी सफ्टवयर प्रयोगमा ल्याउनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

१० न्यायिक समिति, जनप्रतिनिधीहरु र मेलमिलापकर्ताहरुको तालिम, मेलमिलाप केन्द्र सुदृढिकरण र न्यायिकभेला संचालनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

११. पंजिकरण तथा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारीरुपमा अगाडी बढाउन व्यक्तिगत घटना दर्ता शिविर चलाउने र बायोमेट्रिक खरिदको लागि आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

११. आर्थिक वर्ष २०८१/०८२ समग्र सामाजिक विकासको लागि सशर्त तथा निशर्त बजेट गरी जम्मा रु. ३९ करोड ७९ लाख ३१ हजार बजेट विनियोजन गरेकोछु । सामाजिक क्षेत्रको बजेट समाजिक सुरक्षा अन्तर्गतको बजेट बाहेकको कूल बजेटको ५८ प्रतिशत हुन आउने व्यहोरा समेत सम्मानित सभासमक्ष जानकारी गराउन चाहान्छु ।

## घ) वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ

१. नगरको विपद् प्रतिकार्य योजना बमोजिमको कार्य गर्न र प्राकृतिकजन्य तथा अन्य प्रकृतिको विपद् व्यवस्थापनको लागि विपद् व्यवस्थापन कोषमा रहने गरी रु. ३० लाख बजेट विनियोजन गरेकोछु ।

२. **विपद् जोखिम घटाउँ, उत्पादन बढाऔ भन्ने नीति बमोजिम** आगलागिबाट हुने विपद् न्यूनिकरणको लागि फागुन देखि जेष्ठ सम्म मानव वस्ति नजिक रहेका डढेलोको जोखिमयुक्त पातपतिंगरहरुलाई नगरपालिका भित्ररहेका सामूदायिक वनहरुसंगको समन्वयमा एकैठाउँमा संकलन गरी कर्मशिल जनशक्तिहरु मार्फत कम्पोष्ट मल बनाउने कार्यका लागि वजेटको व्यवस्था गरेकोछु ।

३. वन वातावरण र विपद् व्यवस्थापनमा प्रभावकारीता अभिवृद्धि गर्न टोल विकास संस्थाहरुलाई सक्रिय बनाउने क्षमता अभिवृद्धि गर्ने गरी र वातावरणीय स्वच्छताको लागि पूर्ण सरसफाईका क्रियाकलापहरु संचालन गर्नको लागि बजेटको व्यवस्था गरिएको छ ।

## *च) सुशासन तथा संस्थागत विकास समिति*

१. नगरको विकास निर्माण एवं सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण जस्ता कार्यलाई निरन्तरता दिनको लागि आवश्यक बजेटको व्यवस्था गरिएकोछ ।

३. पारदर्शीतालाई थप प्रभावकारी बनाउन र सेवा प्रवाहलाई सहज तथा सरल बनाउनको लागि साथै सूचनाको हक सम्बन्धी विषयलाई मध्यनजर गर्दै स्थानीय पत्र पत्रिका,F.M.रेडियो, केवल T.V.र नगरपालिकाको वेभ साईट मार्फत सूचना प्रकाशन एवं प्रसारण गर्ने कार्यलाई निरन्तरता दिने गरी आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।

४. नगरपालिका भित्रका विकास निर्माणका कार्य र आपूर्तिका कार्यहरुलाई प्रतिस्पर्धी बनाउनको लागि नगरपालिकाबाट ठेक्का बन्दोवस्त गर्दा E- bidding को कार्यलाई निरन्तरता दिईने छ ।

५. वडा स्तरबाट हुने विभिन्न प्रकारका सिफारिश, विभिन्न प्रकारका दर्ता अभिलेख लगायतका कार्यलाई व्यवस्थित गरी कामको प्रभावकारीता अभिवृद्धि गर्न सफ्टवयर व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्थापन गरेकोछु ।

८. योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन विभिन्न योजनाको लागि गठित उपभोक्ता समितिर कर्मशील जनशक्तिका उपभोक्ता समितिहरुलाई तालिम दिनको लागि आवश्यक बजेटको व्यवस्था गरिएकोछ ।

९. नगरपालिकामा कार्यरत कर्मचारी तथा नवनिर्वाचित जनप्रतिनिधीहरुको क्षमता विकासको विभिन्न प्रकृतिका तालिमको लागि, नगरपालिकासंग सम्बन्धित विभिन्न ऐन, नियमावली, कार्यविधी, मापदण्डको बारेमा वडासदस्य, कार्यपालिकाका सदस्य, कर्मचारीहरुलाई अभिमूखिकरण गर्न, गोष्ठीहरु संचालन गर्न र अन्तक्रिया गर्नको लागि बजेट व्यवस्था गरिएकोछ ।

१०. कर्मचारी प्रशासनमा चुस्तदुरुस्तता ल्याउनको लागि नगरपालिकाको संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण गर्ने गरी आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

११. स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन, वित्तीय सुशासन जोखिम मूल्यांकन, मध्यमकालिन खर्च संरचना तयारी लगायतका कार्यलाई प्रभावकारी बनाउन र सो सम्बन्धी निरन्तर अन्तक्रियाहरुगर्नको लागि आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

**श्रद्धेय सभाध्यक्ष एवं सदस्यज्यूहरु**

१२. सर्वप्रथम म आर्थिक वर्ष २०८१/०८२ को विषय क्षेत्रगत र उपक्षेत्रगत बजेटको प्रस्तावित अनुमानित विनियोजन विवरण प्रस्तुत गर्दछु ।

आर्थिक वर्ष २०८१/०८२ को लागि आर्थिक विकासका क्षेत्रको लागि **३ करोड २८ लाख ९४ हजार** विनियोजन गरेको छु । जस अन्तर्गत कृषि, खाद्य सुरक्षा तथा सिंचाई, पशुपंक्षि सेवा, पर्यटन, संस्कृति तथा सम्पदा, उद्योग, व्यापार र व्यवसायको साथै भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा क्षेत्रहरु रहेका छन् । यसै गरी सामाजिक विकास तर्फ **३९ करोड ७९ लाख ३१ हजार** बजेट विनियोजन गरीएकोछ । यसमा श्रम, रोजगार र गरिबी निवारण जनस्वास्थ्य तथा पोषण, शिक्षा, कला तथा साहित्य, खानेपानी, सरसफाई तथा स्वच्छता, महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण, युवा, खेलकुद तथा नवप्रवर्द्धन क्षेत्र समेटीएको व्यहोरा निवेदन गर्न चाहान्छु । बस्ति विकास, आवास तथा भवन, सडक, पुल तथा यातायात, जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा, सूचना संचार तथा प्रविधिका क्षेत्रहरू समेटीएको पूर्वाधार विकास क्षेत्रको लागि रू. **१३ करोड ९१ लाख** विनियोजन गरिएकोछ । वन वातावरण तथा विपद् व्यवस्थापनको क्षेत्रमा रू. ४० लाख बजेट विनियोजन गरेको छु यस क्षेत्र अन्तर्गत वन, हरियाली, भू तथा जैविक विविधता संरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन, विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनलाई समेटीएको व्यहोरा सभासमक्ष अनुरोध गर्दछु । सोही बमोजिम सुशासन तथा संस्थागत विकासका क्षेत्रमा रू. १० करोड ९९ लाख ४९ हजार विनियोजन गरेको छु । यस क्षेत्र अन्तर्गत नीति, कानुन, न्याय तथा सुशासन, संगठन, मानव संशाधन तथा क्षमता विकास, तथ्यांक, योजना तथा विकास परिचालनको उपक्षेत्रहरू रहेको व्यहोरा प्रस्तुत गर्दछु ।

**श्रद्धेय अध्यक्ष एवं सदस्यज्यूहरु,**

१३. अव म नगरपालिकाको गत आर्थिक वर्ष २०७९/०८० को यथार्थ आय व्यय विवरण, चालु आर्थिक वर्ष २०८०।०८१ को संशोधित आय व्यय विवरण र आगामी आर्थिक वर्ष २०८१/०८२ को प्रस्तावित बजेट विवरणको साथै समग्र क्षेत्रगत प्रस्तावित कार्यक्रम र बजेटलाई सक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**सर्वप्रथम गत आर्थिक वर्ष २०७९। ०८० को यथार्थ तथा आर्थिक वर्ष २०८०/०८१ को संशोधित आय व्यय विवरण प्रस्तुत गर्न चाहान्छु ।** गत आर्थिक वर्षमा कूल यथार्थ आय मध्ये आन्तरिक आम्दानी तर्फ रु. ६० लाख ६३ हजार संघीय सरकार राजश्व बांडफांड तर्फ रु. ८ करोड ४६ लाख ३२ हजार , प्रदेश सरकार राजश्व बांडफांड तर्फ रु. १ करोड ७८ लाख ३२ हजार, वन रोयल्टी तर्फ ४६ हजार, विद्युत रोयल्टी तर्फ रु. १२ लाख ८० हजार, पानी तथा अन्य रोयल्टी १० लाख, नेपाल सरकार वित्तीय समानीकरण तर्फ रु. १२ करोड ७८ लाख, सशर्त अनुदान तर्फ रु. ३५ करोड ११ लाख ८३ हजार, समपूरक अनुदान तर्फ रु. २ करोड

१० लाख, विशेष अनुदान तर्फ रु. १ करोड ५० लाख, प्रदेश सरकार वित्तीय समानीकरण तर्फ रु. ६९ लाख ६९ हजार ,सशर्त अनुदान तर्फ रु. १ करोड ३५ लाख, समपूरक अनुदान तर्फ रु. २ करोड, विशेष अनुदान तर्फ रु. ७० लाख, जेष्ठ नागरिक दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा तर्फ रु. १६ करोड, सडकवोर्ड नेपाल तर्फको रु. ४० लाख, अघिल्लो आर्थिक वर्षको मौज्दात रु. ७ करोड ९१ लाख ४२ हजार गरी जम्मा रु. ९१ करोड ५४ लाख ५७ हजार यथार्थ आय भएको थियो । यसै गरी आर्थिक वर्ष २०७९/०८० को यथार्थ व्यय मध्ये चालु तर्फ रु. ५६ करोड ४ लाख ५० हजार र पूंजीगत तर्फ रु. ३५ करोड ५० लाख ७ हजार गरी जम्मा रु. ९१ करोड ५४ लाख ५७ हजार यथार्थ व्यय भएको थियो ।

**सभाका अध्यक्ष एवं सदस्य ज्यूहरु**

१४ . अब म चालु आर्थिक वर्ष २०८०। ०८१ को प्रास्तावित संशोधित बार्षिक बजेट प्रस्तुत गर्न चाहान्छु ।
चालु आर्थिक वर्षमा प्रस्तावित संशोधित कूल आय मध्ये आन्तरिक आम्दानी तर्फ रु. ६७ लाख ९६ हजार, संघीय सरकार राजश्व वांडफांड तर्फ रु. १० करोड ७१ लाख ६४ हजार, प्रदेश सरकार राजश्व बांडफांड तर्फ रु. १ करोड ४२ लाख ४८ हजार, वन रोयल्टी तर्फ ९ लाख ८१ हजार, विद्युत रोयल्टी तर्फ रु. १२ लाख ७९ हजार, नेपाल सरकार वित्तीय समानीकरण तर्फ रु. ११ करोड १६ लाख, संघीय सशर्त अनुदान तर्फ रु. ३५ करोड ३४ लाख समपूरक अनुदान तर्फ रु. १ करोड ७५ लाख, विशेष अनुदान तर्फ रु. ७० लाख, प्रदेश सरकार वित्तीय समानीकरण तर्फ रु. ८० लाख २५ हजार, सशर्त अनुदान तर्फ रु. १ करोड ४० लाख, समपूरक अनुदान तर्फ रु. १ करोड ७५ लाख, विशेष अनुदान तर्फ रु. १५ लाख, जेष्ठ नागरिक दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा तर्फ रु. १८ करोड, सडकवोर्ड नेपाल तर्फको रु. ६१ लाख , अघिल्लो आर्थिक वर्षको मौज्दात रु. **३ करोड ८६ लाख** गरी जम्मा रु. ८८ करोड ५५ लाख ९३ हजार यथार्थ संशोधित आय भएको थियो यसैगरी चालु तर्फको संशोधित व्यय रु. ५६ करोड ९१ लाख ४२ हजार र पूंजीगत तर्फको संशोधित व्यय रु. ३१ करोड ६४ लाख ५१ हजार जम्मा रु. ८८ **करोड ५५ लाख ९३ हजार** संशोधित व्यय अनुमान गरेको छु ।

श्रद्धेय अध्यक्ष एवं सम्पूर्ण सदस्य ज्यूहरु,

१२ . अब म आगामी आर्थिक वर्ष २०८१/०८२ को प्रस्तावित आय व्यय प्रस्तुत गर्ने अनुमति चाहान्छु ।
आगामी आर्थिक वर्षमा प्रस्तावित आयतर्फ संघीय सरकार सशर्त अनुदान तर्फ रु.
३५ करोड ५२ लाख ५६ हजार, संघीय सरकार वित्तिय समानीकरण अनुदान तर्फ रु. ११ करोड १६ लाख, संघीय सरकार राजश्व बांडफांड तर्फ रु. १० करोड २ लाख, संघीय सरकार विशेष अनुदान तर्फ रु. ५५ लाख, संघीय सरकार समपूरक अनुदान तर्फ रु. १ करोड, प्रदेश सरकार सशर्त अनुदान तर्फ रु. १ करोड १० लाख, प्रदेश सरकार वित्तिय समानीकरण अनुदान तर्फ रु ७४ लाख ८२ हजार, प्रदेश सरकार राजश्व बांडफांड तर्फ रु. १ करोड ६० लाख, प्रदेश सरकार विशेष अनुदान तर्फ बजेट नरहेको, प्रदेश सरकार समपूरक अनुदान तर्फ रु. १ करोड ०५ लाख, प्रदेश सरकार नवप्रवर्द्धन म्याचिंग रु. १ करोड, आन्तरिक स्रोत तर्फ रु. ७०

लाख, वन रोयल्टीबाट रु. १२ लाख ६६ हजार २०९, विद्युत रोयल्टीबाट रु. १५ लाख २२ हजार २६३, पानी तथा अन्य रोयल्टी १ लाख, जेष्ठ नागरिक दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम रु. १८ करोड ५० लाख, सडकवोर्ड तर्फको रु. ५५ लाख र कर्मशील जनशक्तिबाट उत्पादित वस्तु विक्रीबाट प्राप्तहुने आम्दानी रु. १२ लाख गरी जम्मा रु. **८६ करोड ८८ लाख ४७ हजार** आय प्रस्ताव गरेको छु ।

यसै गरी प्रस्तावित व्यय तर्फको कूल रु. **८६ करोड ८८ लाख ४७ हजार** मध्ये संघीय सरकार सशर्त अनुदान तर्फको व्यय अनुमान रकम रु. ३५ करोड ५२ लाख ५६ हजार, प्रदेश सरकार सशर्त अनुदान रु. ७४ लाख ८२ हजार प्रशासनिक खर्च चालु तर्फ रु. १० करोड ६९ लाख ८१ हजार ७१६, प्रशासनीक खर्च पुंजीगत तर्फको रु. ५६ लाख, कृषि शाखाको कार्यक्रम रु.२५ लाख, पशुसेवा शाखाको कार्यक्रम रु. २५ लाख, शिक्षा तथा खेलकुद विकास तर्फ रु. ६० लाख २५ हजार, स्वास्थ्य शाखा तर्फ रु. ५० लाख, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा तर्फ रु. २५ लाख, उद्योग पर्यटन तथा सहकारी शाखा तर्फ रुं २० लाख, नगर योजना तथा कार्यक्रम तर्फ रु. १२ करोड २० लाख ७५ हजार २८४, वडा योजना तथा कार्यक्रम तर्फको रु.२ करोड, जेष्ठ नागरिक दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम तर्फ रु. १८ करोड ५० लाख, सडकवोर्ड तर्फको रु. ५५ लाख, संघीय सरकार विशेष अनुदान तर्फ रु. ५५ लाख, संघीय सरकार समपूरक अनुदान तर्फ रु. १ करोड, प्रदेश सरकार विशेष अनुदान तर्फ बजेट नरहेको र प्रदेश सरकार समपूरक अनुदान तर्फ रु. १ करोड, प्रदेश सरकार नवप्रवर्द्धन म्याचिंग तर्फ रु. १ करोड गरी जम्मा रु. **८६ करोड ८८ लाख ४७ हजार** प्रस्तावित व्यय अनुमान गरेको छु ।

**श्रद्धेय अध्यक्ष एवं सदस्यज्यूहरु,**

भूमिकास्थान नगरपालिकाको समग्र बजेटबाट संचालित कार्यक्रम तथा बजेटको विस्तृत विवरण यहांहरु समक्ष उपलब्ध गराई सकेको व्यहोरा अनुरोध गर्दछु । उपलब्ध विवरणहरुमा नगरको सारांश आय व्यय विवरण, प्रशासनिक खर्च, संघीय सरकारबाट प्राप्त सशर्त बजेटबाट संचालित कार्यक्रमको विस्तृत विवरण, संघीय समपूरक र विशेष अनुदान अन्तर्गतका कार्यक्रमहरु, प्रदेश सशर्त, समपूरक र विशेष अनुदानबाट संचालित कार्यक्रमको विवरण, विषयगत क्षेत्र तथा शाखाबाट संचालित कार्यक्रमहरु, नगर योजना तथा कार्यक्रम र वडा स्तरीय योजना तथा कार्यक्रमहरु समावेश गरिएको छ ।

आर्थिक वर्ष २०८१/०८२ को बार्षिक योजना तथा कार्यक्रम तर्जूमा गर्दा संगसंगै तयार भएको आर्थिक वर्ष २०८१/०८२ देखि २०८३/०८४ को मध्यमकालिन खर्च संरचनालाई समेत आधार मानिएको थियो र उक्त मध्यमकालिन खर्च संरचना बमोजिम भूमिकास्थान नगरपालिकाको आगामी तिन वर्षको आम्दानी तथा खर्चको कूल रकम रु. २ अरब ७७ करोड ३६ लाख १७ हजार रहेको छ जसको विस्तृत विवरण यहांहरुलाई उपलब्ध गराईसकीएको व्यहोरा निवेदन गर्न चाहान्छु ।

**श्रद्धेय अध्यक्ष एवं सदस्यज्यूहरु,**

अन्त्यमा यो बजेट तथा कार्यक्रम तयार गर्ने अवधिसम्म आईपुग्दा सृजनात्मक, सकरात्मक एवं रचनात्मक सहयोग गर्ने र सुझाव उपलब्ध गराउनु हुने श्रद्धेय नगरसभाका सम्पुर्ण सदस्यज्यूहरु, राजश्व परामर्श समितिका सदस्यज्यूहरु, स्रोत अनुमान तथा सीमा निर्धारण समितिका सदस्य ज्यूहरु, बजेट तथा कार्यक्रम तर्जूमा समितिका सदस्य ज्यूहरु, विभिन्न विषयगत समितिका

सदस्यज्यूहरु, विभिन्न टोलवस्तीका समूदाय, वडा स्तरमा सहभागी बुद्धिजीविहरु, कर्मचारी मित्रहरु आम नागरिक, संचार माध्यम, विद्यालयका शिक्षक शिक्षिकाहरु, विभिन्न संघ-संस्था, NGO/INGO लगायत सवैमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै योजना तर्जुमाको चरणमा जस्तै कार्यान्वयनको चरणमा समेत जनप्रतिनिधिज्यूहरु लागयत सरोकारवालाहरुको सक्रिय, प्रत्यक्ष र अर्थपूर्ण सहभागिता रहनेमा म विश्वस्त छु । प्रस्तुत बजेटलाई सबै सदस्यज्युहरुको ओजपूर्ण एवं गरिमामय सहभागिता र छलफल वाट पास गर्नु हुनेछ भन्ने अपेक्षाका साथ छलफलमा सहभागिताको लागि सबै प्रति अनुरोध गर्दै विदा हुन्छु । ॥

**धन्यबाद ॥॥**

बालकृष्ण बन्जाडे
उप-प्रमुख
संयोजक : बजेट तथा कार्यक्रम तर्जुमा समिति

**भूमिकास्थान नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

